# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० कात्तिक २७ गते

## आयोगका पूर्वसदस्यहरूद्वारा बन्द फिर्ता लिन आग्रह

राष्ट्रिय मानव अधिकार आयोग पूर्वसदस्यहरूले संविधानसभा सदस्यको निर्वाचनको पूर्वसंध्यामा नेकपा माओवादीलगायत ३३ दलहरूद्वारा आह्वान गरिएको नेपाल बन्द फिर्ता लिन आग्रह गर्नुभएको छ ।

मानव अधिकारको समसामयिक विषयमा आयोगमा आयोजित बैठकमा पूर्वसदस्यहरू रामनगिना सिंह, सुशील प्याकुरेल, सुदीप पाठक, गौरी प्रधान र डा. केबी रोकायाले बन्दप्रति आफूहरूको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै देश राजनीतिक प्रक्रियामा सहभागी हुन लागेको बेलामा बन्द आह्वान गरिनाले व्यक्तिको नागरिक तथा राजनीतिक अधिकार उपयोगमा व्यवधान खडा हुनुका साथै दैनिक जीवनयापन कष्टकर बन्न पुगेको बताउनुभयो ।

उहाँहरूले सर्वसाधारण नागरिकले निर्भयपूर्वक हिंडडुल गर्न पाउने; देशको राजनीतिक प्रक्रियामा सहभागी हुन पाउनेलगायतका नागरिकको मौलिक अधिकारको सम्मान गर्न बन्दका आह्वानकर्ताहरूलाई आग्रह गर्नुभयो ।

उहाँहरूले बन्दकर्ताहरूलाई आफ्ना असहमतिका विषयमा शान्तिपूर्ण रूपमा विरोधको कार्यक्रम अघि बढाउन अपिल गर्दै वार्ता र संवादबाटै समस्याको गाँठो फुकाउन बन्दकर्ता, राजनीतिक दलहरू, सरकार र सम्वद्ध सबै पक्षसँग आग्रह गर्नुभयो ।

उहाँहरूले शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्नेहरूमाथि अनावश्यक रूपमा धरपकड नगर्न सरकारसँग आग्रह गर्नुभयो ।

बैठकमा संविधानसभा सदस्य निर्वाचनको क्रममा आयोगले गरेको मानव अधिकार अनुगमनसम्बन्धी प्रारम्भिक प्रतिवेदनमाथि छलफल भएको थियो ।

(वेदप्रसाद भट्टराई)

कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org